# आरएसडिसी लघुवित्त वित्तीय संस्थाद्वारा “संस्थागत सामाजिक उत्तरदायित्व” अन्तरगत सहयोग वितरण

## “संस्थागत सामाजिक उत्तरदायित्व” अन्तरगत ‘मानव सेवा आश्रम, बुटवल’ लाई सहयोग प्रदान :

यस आरएसडिसी लघुवित्त वित्तीय संस्थाले ‘संस्थागत सामाजिक उत्तरदायित्व’ बहन गर्दै सो कोष वाट ‘मानव सेवा आश्रम, बुटवल’ लाई रु. १ लाख ५० हजार नगद सहयोग प्रदान गरेको छ ।



मानव सेवा आश्रमको शाखा कार्यालय बुटवलमा मिति २०७५ पौष ११ गते आयोजित एक कार्यक्रममा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत दामोदर जोशीले उक्त सहयोग रकम मावन सेवा आश्रमका संस्थापक रामजी अधिकारीलाई हस्तान्तरण गर्नुभयो ।



मानव सेवा आश्रम, खुला आकाशमुनी, सडकपेटी एवम् सार्वजनिक स्थलहरुमा अत्यन्त कष्टपूर्ण जीवनयापन गर्न विवश सहयोपेक्षी (अनाथ, अपाङ्ग, अशक्त, असहाय एवम् मनोरोगी) मानवहरुको सेवा गर्ने उद्देश्यले मकवानपुरको हेटौंडावाट शुरु भएको एक विशुद्ध परोपकारी संस्था हो ।



‘नेपालको सडकपेटी र सार्वजनिक स्थानहरुमा कसैले पनि एक छाक भोजन र एकसरो कपडाको अभावमा भोकै र नाङ्गै रहन नपरोस्’ भन्ने यस संस्थाको मुल उद्देश्य रहेको छ ।



स्थापनाको छोटो समयमानै यस संस्थाले करिब १ हजार २ सय भन्दा बढीलाई सहयोग गरिसकेको छ । त्यस्तै हाल सम्म आश्रमले सडकपेटीमा लावारिस रुपमा रहेका ३ सय भन्दा बढी मानवहरुको पारिवारीक पुनरमिलन समेत गराईसकेको छ ।



हाल नेपालका १० जिल्लामा आश्रमका १२ वटा शाखा/उपशाखा कार्यालय रहेका तथा उक्त शाखाहरुवाट ४५० जनाले सेवा लिईरहका छन् । वित्तीय संस्थाले मानव सेवा आश्रम बुटवल शाखाको शौचालय तथा स्नानगृह निर्माण गर्नको लागि उक्त सहयोग प्रदान गरेको हो ।